श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय, अनुगमन तथा मूल्याङ्कन शाखा, सिंहदरबार काठमाण्डौ

## बिशेष ७ वटा बिशेष आयोजनाको २०६८ साल **मंसिर** महिनाको मासिक प्रगति बिबरण

| क. सं. | मुख्य कार्य | अनुगमन सूचक | बार्षिक लक्ष्य | एकाई | चौमासिक लक्ष्य | | | चौमासिक प्रगति | | | कैफियत । हालसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम | दोश्रो | तेश्रो | प्रथम | दोश्रो | तेश्रो | |
| (१क) | मृतकका हकदारलाई जनही रु. १ लाखको दरले राहत बितरण गर्ने । | प्रगति प्रतिवेदन, वेभसाईट | १००० | परिवार | १०० | ५०० | ४०० | ६६ | | | प्रथम चौमासिक लक्ष्य ६६ %पूरा भएको छ । |
| १(ख) | बेपत्ता पारिएका व्यक्तिका हकदारलाई जनही रु. १ लाखको दरले राहत बितरण गर्ने । | प्रगति प्रतिवेदन, वेभसाइट | २२५ | जना | २५ | १०० | १०० | २५ | | | प्रथम चौमासिक लक्ष्य १०० %पूरा भयो । हालसम्मको प्रगति १५३ जना भएको छ । |
| १(ग) | जनही रु. १ लाखको दरले राहत पाई सकेका मृतकका हकदारलाई पुन : बिशेष राहत बापत थप २ लाख रकम बितरण गर्ने । | प्रगति प्रतिवेदन, वेभसाइट | ९००० | जना | ४००० | ५००० | | ४००० | | | प्रथम चौमासिक लक्ष्य १०० %पूरा भयो । हाल सम्मको प्रगति ८,८१६ जना भएको छ । |
| १(घ) | जनही रु. १ लाखको दरले राहत पाई सकेका बेपत्ता पारिएका व्यक्तिका पत्निलाई पुन : बिशेष राहत बापत थप रु. २५ हजारको दरले रकम बितरण गर्ने । | प्रगति प्रतिवेदन, वेभसाइट | ५०० | जना | २०० | ३०० | | २०० | | | प्रथम चौमासिक लक्ष्य १०० %पूरा भयो । हाल सम्मको प्रगति ४८३ जना जना भएको छ । |
| १(ङ) | जनही रु. १ लाखको दरले राहत पाई सकेका बेपत्ता पारिएका व्यक्तिका हकदार लाई पुन : बिशेष राहत बापत थप रु. २ लाखको दरले रकम बितरण गर्ने । | प्रगति प्रतिवेदन, वेभसाइट | १००० | जना | ४०० | ६०० | | ४०० | | | प्रथम चौमासिक लक्ष्य १०० %पूरा भयो । हाल सम्मको प्रगति ९८४ जना जना भएको छ । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | क्षतिग्रस्त पूर्वाधारहरुको पुनर्निर्माण गर्ने । | प्रगति प्रतिवेदन, वेभसाइट | २५७ | वटा | १२ | ६० | १८५ | १२ | | | प्रथम चौमासिक लक्ष्य १०० %पूरा भयो । गत प्रगति बिबरणमा ४६७ वटा पुननिर्माणका योजनालाई बार्षिक लक्ष्य कायम गरेकोमा यस बर्ष नयाँ १३१ वटा योजना थप स्वीकृत भै कुल योजनाको संख्या ५९८ कायम भएको छ। योजनाहरु बहुबर्षिय अवधिमा सम्पन हुनेहुँदा यस बर्षमा संपन्न गर्ने बार्षिक लक्ष्य २५७ वटा योजना मात्र कायम भएको छ । योजना बीचमा थपिने हुदाँ लक्ष्य पनि घटबढ भैरहन्छ । बाँकि योजनाहरु क्रमागत योजनाको रुपमा आगामी बर्षहरुमा क्रमैसँग पूरा हुनेछन । |
| ३ | १. भ्रष्टाचार नियन्त्रणमा शुन्य सहनशिलता अन्तरगतको नीति अर्न्तगत जनगुनासो सुनुवाई गर्ने । | प्रगति प्रतिवेदन, वेभसाइट | | | लक्ष्य तोक्न नसकिने | लक्ष्य तोक्न नसकिने | लक्ष्य तोक्न नसकिन | | | | १ मन्त्रालयमा मोवाईल फोन सहित उप सचिव टोपनारायण शर्मालाई तत्काल गुनासो सुन्ने र कारबाही गर्ने जिम्मेवारी तोकिएको छ ।<br><br>२. यस मन्त्रालय अन्तरगतको ईमर्जेन्सी पिस सपोर्ट परियोजना सिंहदरबारमा शाखा अधिकृत र श्री रामकाजी खनाल र कन्सल्टेन्ट श्री कविन्द्र पुडासैनीलाई छुट्टै जिम्मेवारी तोकी १०,००० जना द्बन्द पिडितहरुका परिवारका लागि सहयोग गर्ने उद्देश्यल जिल्लामा आबश्यकतानुसार सञ्चालन हुने रोजगार,स्वरोजगार तालिम कार्यक्रमको बिषयमा सेवाग्राही र सेवाप्रदायकले समेत निशुल्क फोन गर्न र जानकारी लिन दिन पाँउने गरी (टोल फ्रि) १६६० ०१ ४०४०४ नंवरको थप टेलिफोन लाईनबाट सेवा दिने थप ब्यबस्था पनि गरिएको छ । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | मन्त्रालयद्वारा छनौटमा परेका ५ वटै बिकास क्षेत्रका पुनर्निर्माण तथा पुनर्स्थापनका योजनाहरुको क्षेत्रगत रुपमा स्थलगत अनुगमन गर्ने । | प्रगति प्रतिवेदन, वेभसाइट | १ | पटक | | १ | | | | | १. ५ जना सहसचिवको नेतृत्वमा ५ वटै क्षेत्रमा क्षेत्रीय अनुगमन टोली गठन गरी कार्य क्षेत्र तोकिएको छ ।<br>२. हरेक सहसचिवको मातहतमा रहने गरी एक अञ्चलमा एक जना उपसचिवलाई जिम्मेवारी तोकिएको छ ।<br>३. टोलीमा ईञ्जिनियर कर्मचारीलाई अनिबार्य रुपमा समावेश गरिएको छ । |
| ५ | मन्त्रालयस्तरीय बिकास समस्या समाधान समितिबाट हरेक दुई महिनामा बैठक बसी सबै आयोजना तथा कार्यकमको प्रगति समीक्षा गर्नुका साथै समस्याको बारेमा छलफल गरी निराकरण गर्ने र बिशेष समस्या भए राष्ट्रिय बिकास समस्या समितिमा पेश गर्ने । | प्रगति प्रतिवेदन, वेभसाइट | ६ | पटक | २ | २ | २ | १ | | | १. २०६८ साल भाद्र १ गतेका दिन मन्त्रालयस्तरीय बिकास समस्या समाधान समितिको बैठक सम्पन्न गरेको ।<br>२. दोस्रो बैठक मिति २०६८।९।२९ बस्ने तय भएकोछ ।<br>३. बैठकको निर्णय सबै कार्यान्वयन निकायमा र शान्ति समितिमा पनि पठाई कार्यान्वयन गराउनुका साथै फलो अप गरिएको छ । |
| ६ | माओवादी सेनाका लडाकुहरुको समायोजन र पुर्नस्थापन | प्रगति प्रतिवेदन, वेभसाइट | | | | | | | | | यस आयोजनाको चौमासिक लक्ष्य बिभाजन हुन नसक्ने हुदाँ हाल सम्मको प्रगति बिबरण देहाय कमोजिम रहेको छ ।<br>१. पुन:प्रमाणिकरण भएका कुल लडाकुको संख्या : १७,१७० जना ।<br>२. समायोजन रोज्नेको संख्या ९,७०५ जना ।<br>३. पुनर्स्थापन रोज्नेको संख्या : ६ जना ।<br>३. स्वेच्छिक अबकाश रोज्नेको संख्या : ७,३६५ जना ।<br>५. बिभिन्न कारणले अनुपस्थित हुनेको संख्या ९४ जना । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बेरुजु संपरीक्षण | प्रगति प्रतिवेदन, वेभसाइट,लेखा परीक्षण रिपोर्ट । | कुल ९७ करोड ६८ लाख ९५ हजार | रुपैयाँ | ९०४०० | ३०००० | ८५६४९५ | ९०३८० | | | १. प्रथम चौमासिक लक्ष्य १०० %पूरा भयो ।<br>२. थप रु. ८७०९ हजार बेरुजुको हकमा मलेपको कार्यालयबाट सं. प. प्रतिवेदन प्राप्त हुन बाँकि छ। |

(प्रेमप्रसाद संजेल)

उपसचिव

अनुगमन तथा मूल्याङकन शाखा

शान्ति तथा पुननिर्माण मन्त्रालय ।

नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

(अनुगमन तथा मूल्याङकन शाखा)

पं. सं. २०६८।०६९ अनुगमन शाखा । (७ वटा बिशेष आयोजनाको प्रगति मंसिर, २०६८) च.नं. : ८२ (बयासी)

सिहदरबार, काठमाण्डौ,नेपाल ।

मिति २०६८।९।२५

**तुरुन्त**

**बिषय : नयाँ मोडेल अनुसार ७ वटा बिशेष आयोजनाहरुको २०६८ साल मंसिर महिनाको प्रगति बिबरण पुन:पठाएको बारे**

**श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय**

**आर्थिक पूर्वाधार बिकास महाशाखा, सिंहदरबार काठमाण्डौ ।**

**बिशेष ध्यानाकर्षण : सह सचिव श्री शंकरप्रसाद अधिकारी । उप सचिव श्री घनेन्द्र बिक्रम कार्की**

उपरोक्त बिषयमा त्यहाँको च.नं. ४११ मिति २०६८।९।८ को पत्रानुसार नयाँ नमूना तोकी सोही अनुसार नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्न निर्देशन भए अनुसार यस मन्त्रालय तथा अन्तरगत संचालित ७ वटा बिशेष आयोजनाहरुको २०६८ साल **मंसिर** महिनाको प्रगति बिबरण पाना ४ पुन: तयार गरी यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा सादर अनुरोध गर्दछु । मन्त्रालयको कामको प्रकृति र आयोजनाको प्रकृतिका कारणले आयोजनाहरुको मासिक लक्ष्य किटान गर्न नसकिने हुँदा चौमासिक लक्ष्य किटान गरी प्रगति बिबरण पठाउने ब्यबस्था गरिएको ब्यहोरा समेत प्रसंगबस सादर अनुरोध गर्दछु ।

**नोट : ईमेल ठेगाना भएका सबै निकायको ईमेल ठेगानामा समेत बिद्युतीय कपि पनि पठाईएको छ । यस मन्त्रालय, मातहतका बिभाग तथा सरोकारवाला निकायको यस प्रगतिको बिषयमा कुनै सुझाव, संशोधन वा प्रतिक्रिया भए यथाशक्य चाँडो अनुगमन तथा मूल्याङ्कन शाखामा ईमेलबाट,टेलिफोनबाट,मौखिक वा लिखित जानकारी दिनु हुन अनुरोध गर्दछु । साथै यी बिषयको प्रगति यस शाखामा नियमित रुपमा हरेक महिनाको १५ गते अगावै पहिलो प्राथमिकता दिई पठाई दिनु हुन मन्त्रालय मातहतका तथा सरोकारवाला सबै निकायसँग हार्दिक अनुरोध गर्दछु ।**

(प्रेमप्रसाद संजेल)

उपसचिव

अनुगमन तथा मूल्याङकन शाखा

बोधार्थ तथा कार्यार्थ

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय,शान्ति समन्वय महाशाखा सिंहदरबार ,काठमाण्डौं ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, शासकीय सुधार महाशाखा सिंहदरबार ,काठमाण्डौ ।

श्री राष्ट्रिय योजना आयोग, गरिबी अनुगमन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री राष्ट्रिय योजना आयोग, अनुगमन तथा मूल्यांकन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री अर्थ मन्त्रालय , अनुगमन तथा मूल्यांकन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषिसडक विभाग **(DOLIDAR)**,जावलाखेल ललितपुर ।

श्री शहरी विकास तथा भवन निर्माण विभाग, ववरमहल काठमाण्डौ ।

श्री शान्ति कोष सचिवालय, नेपाल औषधी लिमिटेड भवन बबरमहल, काठमाण्डौ ।

श्री राहत तथा पुनर्स्थापन ईकाई बबरमहल काठमाण्डौ ।

श्री द्वन्द प्रभावित ब्यक्ति,परिवार तथा संरचनाको लगत संकलन कार्यदल,बबरमहल काठमाण्डौ

श्री राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) निर्माण कार्यदल, कार्य सम्पादन समिति,यज्ञडोल, जगडोल (सामुदायिक बन)गोकर्ण –१, काठमाण्डौ, नेपाल ।

श्री द्वण्द्वोत्तर पुर्निर्माण परियोजना नेपाल औषधी लिमिटेड भवन बबरमहल, काठमाण्डौ ।

श्री शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय, सिंहदरवार, काठमाण्डौ ।

श्री द्वन्द व्यवस्थापन महाशाखा,

श्री प्रशासन, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा,

श्री राहत तथा पुनर्स्थापन महाशाखा,

श्री कानून तथा सञ्चार महाशाखा,

श्री शान्ति संयन्त्र समन्वय महाशाखा,

श्री पूर्वाधार पुनर्निर्माण महाशाखा

श्री योजना शाखा,

श्री आर्थिक प्रशासन शाखा, शान्ति तथा पुननिर्माण मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।